नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या : २०८२/८३

चलानी नं : ८३९

मितिः २०८२/१०/२२

विषयः अनलाईन विशेष सापटी आवेदन सम्बन्धमा ।

श्री सङ्घीय मन्त्रालयहरु (सबै),

प्रस्तुत विषयमा कर्मचारी सञ्चय कोषको च.नं. १२२, मिति २०८२/१०/२० को "अनलाईन विशेष सापटी आवेदन सम्बन्धमा" विषयको पत्र र सोसाथ प्राप्त E-Service सम्बन्धी जानकारी पुस्तिका आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको वेहोरा आदेशानुसार अनुरोध छ ।

२०८२/१०/२२

(गायत्री अधिकारी)

शाखा अधिकृत

# कर्मचारी सञ्चय कोष

# Employees Provident Fund

(कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित)

सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरवार

फोन नं. : ०१ ४२००४६६, ४२००४६७

Email : singhadurbar@epf.org.np


मिति : २०८२/१०/२०

प.सं. : २०८२/०८३

च.नं. : १२२

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.:- २४३६

दर्ता मिति:- १०/२०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाडौं।

विषयः अनलाइन विशेष सापटी आवेदन सम्बन्धमा ।

कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरूलाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गर्ने लक्ष्य लिएर ई-सर्भिस सेवा सञ्चालन गरीरहेको व्यहोरा सहर्ष जानकारी गराउँदै यसबाट लाभान्वित हुन सम्पूर्ण सञ्चयकर्ता महानुभावहरूलाई हार्दिक आह्वान गर्दछौं । यसै सन्दर्भमा, कोषमा आफ्नो व्यक्तिगत विवरण (Individual KYC) तथा कार्यालयको विवरण (Office KYC) समेत अपडेट भई सकेको अवस्थामा सञ्चयकर्ताले कोषको ई-सर्भिस सेवा मार्फत जुनसुकै समयमा घर वा कार्यालयबाटै अत्यन्तै सरल र शिघ्र रूपमा नियमानुसार विशेष सापटी अनलाइन आवेदन गरी आफ्नो बैंक खातामा सापटी रकम प्राप्त गर्न सक्नुहुनेछ । सञ्चयकर्ताले अनलाइन सापटी आवेदन गरी आफ्नो कार्यालयले अनलाइन मार्फत नै प्रमाणित गरेपछि सामान्यतया सोहि कार्यालय दिनमा नै सापटी भुक्तानी हुने हुँदा कोषवाट विशेष सापटी लिन ईच्छुक त्यस मन्त्रालयमा कार्यरत सञ्चयकर्ताहरूलाई यथासक्य अनलाइनबाटै विशेष सापटी आवेदन गर्ने/गराउने व्यवस्था लागु गरी कोषको अनलाइन सापटी प्रवाह प्रणालीलाई सफल पार्न सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

संलग्न - ई-सर्भिस सम्बन्धी जानकारी पुस्तिका थान १

पुनश्चः कोषको ई-सर्भिस सम्बन्धी थप जानकारीको लागि यस सेवा केन्द्रको टेलिफोन नं. ०१ ४२००४६६ वा ४२००४६७ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

.......................

(बद्री राज खड्का)

सेवा केन्द्र प्रमुख



CamScanner

## कर्मचारी सञ्चय कोषको अनलाईन विशेष सापटी सेवा

आफ्नो कार्यालयको Office KYC तथा आफ्नो व्यक्तिगत KYC विवरण अद्यावधिक रहेका सञ्चयकर्ताले कोषको आधिकारिक एप 'EPF Mobile App' वा वेभसाइट मार्फत् सरल रूपमा अनलाइन विशेष सापटी आवेदन गरी सोहि दिन आफ्नो बैंक खाता मार्फत् रकम प्राप्त गर्न सक्नुहुनेछ ।

### अनलाइन विशेष सापटी आवेदन गर्ने तरिका:

- कोषको वेभसाइट www.epf.org.np मा Online Services मेनुभित्र रहेको Individual Login मा click गर्नुहोस् ।
- कोषले उपलब्ध गराएको User ID र Password ईन्ट्री गरी Sign In गर्नुहोस् ।
- Online Loan Application मेनुमा रहेको Special Loan मा Click गर्नुहोस् ।
- आवेदन प्रक्रियामा आवश्यक पर्ने विवरणहरु भरी Next गर्दै जानुहोस् र आवेदन पूरा गर्नुहोस्।
- 4th Step मा आफ्नो Individual KYC बमोजिमको विवरण र 5th Step मा कार्यालयको Office KYC बमोजिमको आधिकारिक व्यक्तिको विवरण Entry गर्नुहोस् । 6th Step मा आफूले लिन चाहेको रकम ईन्ट्री गरी 7th Step मा आफ्नो मोवाइल तथा ई-मेलमार्फत् प्राप्त हुने OTP ईन्ट्री गरी Submit गर्नुहोस्।
- आवेदन प्रक्रियामा Entry गरे बमोजिम आफ्नो कार्यालयको आधिकारिक व्यक्तिलाई कोषको Office E-Service लग इन गरी Approve Application मेनुबाट तपाईको आवेदन स्वीकृतीको लागि अनुरोध गर्नुहोस् ।
- तपाईको आवेदन पूरा भयो ।
- कोषको अनलाइन सापटी शाखाले तपाईंको आवेदनका बाँकी चरणहरू पूरा गरेपछि तपाईंको बैंक खातामा सापटी रकम प्राप्त हुन्छ ।
- आफ्नो आवेदन कुन चरणमा रहेको छ भनी Online Special Loan Tracker मार्फत् हेर्न सकिने छ ।

### कार्यालयको Office KYC Update गर्ने तरिका

- कोषको वेभसाइट www.epf.org.np मा Online Services मेनुभित्र रहेको Office KYC मा click गर्नुहोस् ।
- Office KYC form मा आफ्नो कार्यालयसँग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरू भरी Submit गर्नुहोस् ।
- कार्यालयको email ठेगानामा प्राप्त भएको विवरण यकिन गरी link भेरिफाई गर्नुहोस् ।(यदि कुनै विवरण गलत भए उक्त e-mail लाई ignore गरी पुनः Office KYC भर्नुहोस्।)
- Office KYC आवेदन पूरा भयो । कोषबाट तपाईंको आवेदन स्वीकृत भएपछि कार्यालयको आधिकारिक ई-मेल मार्फत कार्यालयको ई-सर्भिस Login Credential सहित जानकारी प्राप्त हुनेछ ।

### कार्यालयको Office KYC मा आधिकारिक व्यक्ति (Authorized Persons) Update गर्ने तरिका

- कोषको वेभसाइट www.epf.org.np मा Online Services मेनुभित्र रहेको Office Login मा click गरी कार्यालयको ई-सर्भिस Credential ईन्ट्री गरी Sign In गर्नुहोस्।
- Provident Fund Module भित्र KYC Update Request मेनुमा click गरी Chief Contact Information, Primary Contact Info. (लेखा प्रमुख), Secondary Contact Info. र Requested Person's Info. इन्ट्री गरी Submit गर्नुहोस् ।कोषबाट आवेदन स्वीकृत भएपछि Details Update हुन्छ ।

### Office E-Service को Password Reset गर्ने तरिका

- कोषको वेभसाइट www.epf.org.np मा Online Services मेनुभित्र रहेको Office Login मा click गर्नुहोस् ।
- Office Login Page मा रहेको 'Forgot your Password? Click here to reset' मा Click गर्नुहोस् ।
- कार्यालयको आधिकारिक Email address वा Username टाइप गरी 'Email my password' मा click गरी नयाँ Credential प्राप्त गर्नुहोस् ।

"सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष"

# कर्मचारी सञ्चय कोष

## सेवा केन्द्र, सिंहदरबार

फोन नं. : ०१ ४२००४६६
०१ ४२००४६७

### E-Services सम्बन्धी जानकारी पुस्तिका

- कर्मचारी सञ्चय कोषको ई-सर्भिस प्रयोग गर्ने तरिका
- ई-सर्भिसको Password Reset गर्ने तरिका
- कोषबाट लिएको सापटी अनलाइन भुक्तानी गर्ने तरिका
- अनलाईन विशेष सापटी आवेदन गर्ने तरिका
- Office KYC Update गर्ने तरिका
- Office KYC मा Authorized Persons' Detail Update गर्ने तरिका
- Office E-Service को Password Reset गर्ने तरिका

कोषको कल सेन्टर नं. ०१ ५९७००४१

CamScanner

## कर्मचारी सञ्चय कोषको E-Service प्रयोग गर्ने तरिका :

### १. कोषको वेभसाइट मार्फत्

- Web browser मा कोषको वेभसाइट www.epf.org.np खोल्नुहोस् ।
- Online Services मेनुभित्र Login अन्तर्गत Individual मा Click गर्नुहोस् ।
- आफ्नो User ID र Password राखी Sign In गर्नुहोस् ।
- (सामान्यतया युजर आइ.डी. कोष परिचय पत्र नै हुन्छ ।)
- Statement मेनुबाट आवश्यकता बमोजिम विभिन्न आ.व. को Contribution तथा Loan Statement हेर्न सकिन्छ ।
- Loan Payment Calculation मेनुबाट Loan Type र Date चयन गरी कोषबाट लिइएको विभिन्न सापटी तथा ब्याज हिसाब सम्बन्धी जानकारी लिन सकिन्छ ।
- Online Application अन्तर्गत Special Loan मा click गरी दिइएको निर्देशन बमोजिम आवश्यक विवरण भरी आफ्नो घर वा कार्यालयबाटै विशेष सापटी आवेदन गर्न सकिन्छ ।

### २. कोषको EPF Mobile App मार्फत्

- App store बाट 'EPF Mobile App' install गर्नुहोस् ।
- उक्त App खोली Login मेनुबाट Sign In गर्नुहोस् ।
- Statement मेनुबाट विभिन्न आ.व. को Contribution तथा Loan Statement हेर्न सकिन्छ ।
- Loan Payment मेनुबाट Loan Type चयन गरी कोषबाट लिइएको विभिन्न सापटीको भुक्तानी गर्न सकिन्छ ।
- Loan Payment Calculator मेनुबाट Date र Loan Type चयन गरी कोषबाट लिइएको विभिन्न सापटी तथा ब्याज हिसाब सम्बन्धी जानकारी लिन सकिन्छ ।
- Special Loan Application मेनुबाट आवश्यक विवरण भरी आफ्नो घर वा कार्यालयबाटै विशेष सापटी आवेदन गर्न सकिन्छ ।

नोट : कोषमा आफ्नो व्यक्तिगत के.वाइ.सी. विवरण अद्यावधिक गरेपछि प्राप्त हुने UCIN /KYC No. नागरिक एपमा लिंक गरेर समेत कोषकट्टी तथा सापटी सम्बन्धी विवरणहरु हेर्न सकिन्छ ।

## E-Service को Password Reset गर्ने तरिका :

- कर्मचारी सञ्चय कोषको वेभसाइट www.epf.org.np वा EPF Mobile App को Individual Login पेजमा, रहेको Forgot password? मा Click गर्नुहोस् ।
- आफ्नो User Id, Full Name र Date of Birth (YYYYMMDD) इन्ट्री गरी Request OTP मा Click गर्नुहोस् । (सामान्यतया युजर आइ.डी. कोष परिचय पत्र नं. नै हुन्छ )
- आफ्नो मोवाइल तथा इमेलमार्फत् प्राप्त हुने OTP (One Time Password) type गरी Verify OTP मा Click गर्नुहोस् ।
- नयाँ पासवर्ड Entry तथा Verify Entry गरी Set New Password मा Click गर्नुहोस् । (पासवर्ड कम्तीमा १/१ वटा Capital Letter, Small Letter, Number र Special Character (@, #, $, %, !) सहित कम्तीमा ८ अक्षरको हुनुपर्छ ।)

## कर्मचारी सञ्चय कोषबाट लिएको सापटी अब घरमै बसीबसी अनलाइन भुक्तानी गर्नुहोस् ।

### Connect IPS मार्फत् भुक्तानी गर्ने तरिका :

- Connect IPS मा Log In गर्नुहोस् ।
- Government Payment भित्र Semi-Govt. (Sansthan) मा Click गरी पुनः EPF मा Click गर्नुहोस् ।
- ('Click Here to search' option बाट 'EPF' search गरे पनि हुन्छ )
- 'Sender Account Number' तथा 'Loan Type' Choose गरी, 'UCIN / KYC Number', Contributor Name र Mobile Number इन्ट्री गर्नुहोस् र Make Payment मा Click गर्नुहोस् ।
- तिर्न चाहेको रकम इन्ट्री गरी सापटी रकम भुक्तानी गर्नुहोस् ।

### मोवाइल बैंकिङ्गमार्फत् सापटी भुक्तानी गर्ने तरिका :

कर्मचारी सञ्चय कोषबाट लिएको सापटी रकम आफ्नो Mobile Banking App को Fone Pay मार्फत् भुक्तानी गर्न सकिन्छ :

- सर्वप्रथम Mobile Banking Login गर्नुहोस् ।
- Payment मा click गरी Pension Fund मा click गर्नुहोस् ।
- कर्मचारी सञ्चय कोषमा click गर्नुहोस् ।
- आफ्नो विवरण भरी तिर्न चाहेको सापटी रकम भुक्तानी गर्नुहोस् ।

### कोषको वेभसाइट मार्फत् सापटी भुक्तानी गर्ने तरिका :

- कोषको वेभसाइट www.epf.org.np मा Individual Login गर्नुहोस् ।
- Loan Payment मेनुमा Click गरी Transaction Type / Loan Type छान्नुहोस् ।
- Choose Payment Method मा Click गरी Payment Method छान्नुहोस् ।
- तिर्न चाहेको रकम इन्ट्री गरी सापटी रकम भुक्तानी गर्नुहोस् ।

### कोषको EPF MOBILE APP मार्फत् भुक्तानी गर्ने तरिका :

- 'EPF Mobile App' मा Login गर्नुहोस् ।
- Loan Payment मेनुमा Click गरी Transaction Type / Loan Type छान्नुहोस् ।
- Choose Payment Method मा Click गरी Payment Method छान्नुहोस् ।
- तिर्न चाहेको रकम इन्ट्री गरी सापटी रकम भुक्तानी गर्नुहोस् ।

CS CamScanner